# सप्तरी जिल्ला अदालत, राजबिराजबाट जारी भएको पुरानो भवन लिलाम बढाबढ सम्बन्धी गोप्य शीलबन्दी आह्वानको सूचना

सूचना प्रकाशन मिति: २०७५।१०।१४

यस सप्तरी जिल्ला अदालतको नयाँ भवनको अगाडि रहेको मालपोत कार्यालय सप्तरीबाट हस्तानान्तरण भई आएको पुरानो भवन थान- १ आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५८ बमोजिम गोप्य शीलबन्दीको प्रकृयाद्धारा लिलाम बढाबढ गरी बिक्री गर्नु पर्ने भएको हुँदा यस अदालतको भवन लिलाम सम्बन्धी मूल्यांकन समितिको मिति २०७५।०८।२७ को निर्णय अनुसार इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधीनमा रही रितपूर्ववको निबेदन आह्वानको लागि यस सूचना प्रकाशन गरिएको छ ।

१. लिलाम बढाबढ हुने बस्तुको बिबरण :
यस अदालत परिसरमा रहेको नयाँ भवनको पूर्व पट्टि रहेको मालपोत कार्यालय सप्तरीबाट हस्तानान्तरण भई आएको पुरानो भवन थान- १ र सो भवनसंग सम्बन्धित सामग्रीहरु ।

२. लिलाम बढाबढको लागि न्यूनतम मूल्य : रु. ३,३५,०००।००(तिन लाख पैतिस हजार रुपैया मात्र ।)

३. लिलाम भएको भवन भत्काउने, लैजाने र परिसर सफा गर्दा लाग्ने सम्पूर्ण खर्च समेत लिलाम सकार गर्ने पक्षले नै बेहोर्नु पर्ने छ ।

४. बोलपत्रको निबेदन दिने अन्तिम मिति : मिति २०७५।११।०५ गते सम्म ।

५. बोलपत्रको निबेदन दस्तुर : रु. १,०००।०० (एक हजार मात्र ।) (यस अदालतको लेखा शाखामा नगदै दाखिल गर्नु पर्ने छ ।)

६. बोलपत्रको निबेदन फारम पाइने स्थान : सप्तरी जिल्ला अदालतको लेखा शाखा ।

७. बोलपत्रदाताले बोलपत्र पेश गर्दा पालना गर्नुपर्ने शर्तहरु :

(क) बोलपत्रदाताले शीलबन्दी बोलपत्र दर्ता गर्दा आफूले बोल कबोल गरेको रकमको १० प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरीको धरौटी खाता नं. २१८०२०३ (राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता) मा धरौटी राखी सो को सक्कल भौचर शीलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

(ख) बोलपत्रमा बोलपत्रको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(ग) पेश गरेको बोलपत्रमा बोलपत्रदाताको सहि वा छाप नभएको, न्यूनतम मूल्यांकन भन्दा कम मूल्य राखी पर्न आएको शीलबन्दी बोलपत्रलाई मान्यता दिइनेछैन ।

(घ ) एक व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा दाखिल गर्न पाइने छैन ।

(ङ ) बोलपत्र उपर निर्णय भएपछि छनौट भएका बोलपत्रदाताले साकार गरेको रकम निर्णय भएको मितिले ७ दिन भित्रमा माथि उल्लेखित प्रकरण ७ (क) बमोजिमको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

(च) छनौट भएको बोलपत्रदाताले सकार गरेको रकम जम्मा गरेको मितिले १५ दिन भित्र उक्त भवन भत्काइ, उठाइ, ठाउँ सफा गरी लगिसक्नुपर्नेछ ।

(छ) दर्ता भएको बोलपत्रहरु बोलपत्रको दर्ता हुने अन्तिम मितिको भोलिपल्ट दिउँसो २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने दिन बोलपत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

(ज) बोलपत्र खोल्ने दिन सार्बजनिक बिदा परेमा अदालत खुलेको दिन माथि उल्लेखित समयमा बोलपत्र खोलिनेछ ।

(झ) बोलपत्रदाताले लिलाम बढाबढ हुने भनिएको भवन हेर्न चाहेमा अदालत समयभित्र हेर्न र देखाउन सकिनेछ ।

(ञ) दर्ता भएको बोलपत्र छानबीन गरी स्वीकृत गर्ने वा नगर्ने समेतका सम्पूर्ण अधिकार यस अदालतमा निहित रहनेछ ।

८) शीलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु :

व्यक्तिको हकमा नेपाली नागरीकताको प्रतिलिपि , फर्म वा संस्था वा कम्पनीको हकमा आ.ब. २०७४।७५ को कर चुक्ता प्रमाणपत्र र आ.ब. २०७४।७५ मा नवीकरण भएको कागजातहरु संलग्न गर्नुपर्ने ।

सप्तरी जिल्ला अदालत
राजबिराज
२०२१

नि. उप-सचिव